# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।०९ गते

# प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------

सप्तरी जिल्ला साविक त्रिलोक-४ गाविस स्थित राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक तेज नारायण यादव समेतले आ.व. २०६६/०६७ मा भवन निर्माणको रकम अनियमितता गरेको एवं छात्रवृत्ति वितरणमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी अनुसन्धानको सिलसिलामा राष्ट्रिय प्राथमिक विद्यालय त्रिलोक गाविस-४ का प्रधानाध्यापक तेजनारायण यादव समेतले विद्यालयको भवन निर्माण, छात्रवृत्तिको लागि निकासा भएको रकममा लागत इष्टिमेट अनुसारको कार्य नगरी छात्रवृत्ती वितरण भरपाई कागजातमा किर्ते सहिछाप गरी तथा बिद्यालयको पी.सी.एफ. बापतको रकम हिनामिना गरी आफुहरुलाई गैह्रकानूनी लाभ तथा नेपाल सरकारलाई गैह्रकानूनी रूपमा हानीनोक्सानी पुऱ्याइ भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि हुन आएकोले उक्त कार्यमा संलग्न रहेका देहाय बमोजिमका ब्यक्तिहरू उपर देहाय बमोजिमको सजायको मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं | नामथर | पद | कार्यालय | बिगो | सहायको मागदावी |
|---|---|---|---|---|---|
| १ | चक्रधर प्रसाद देव | तत्कालीन प्रधानाध्यापक | राष्ट्रिय प्राथमिक विद्यालय, सप्तरी | रु.२,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय(घ) बमोजिम तथा ऐ.ऐनको दफा १७ बमोजिम विगो असुलउपर हुन मागदावी |
| २ | छेदी यादव | तत्कालीन बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष | ,, | रु.२,००,०००।- | ,, |
| ३ | तेज नारायण यादव | प्रधानाध्यापक | ,, | रु.५,०८,८४०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय(ङ) बमोजिम तथा ऐ.ऐनको दफा १७ बमोजिम विगो असुलउपर हुन मागदावी |
| ४ | चन्द्र नारायण यादव | शिक्षक | ,, | रु.५१,२००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम तथा ऐ.ऐनको दफा १७ बमोजिम विगो असुलउपर हुन मागदावी |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता